'रुरुक्षेत्र समृद्धिको आधार, कृषि, पर्यटन र स्वरोजगार'

# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. : १५२६

प.सं. :०७९/०८०

मितिः २०७९/१२/१२

श्री सहकारी संस्थाहरु (सबै)

रुरुक्षेत्र गाउँपालिका, गुल्मी ।

विषय : आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा रुरुक्षेत्र गाउँपालिकाको आ.ब.०७९/८० को वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय सहकारी दिवस मनाउने तथा सोहि कार्यक्रममा उत्कृष्ट सहकारी संस्था पुरस्कृत गर्ने कार्यक्रम रहेकोले मिति २०७९/१२/१२ गतेको गाउँ कार्यपालिका बैठकबाट उत्कृष्ट सहकारी छनौट गर्न तपसिल बमोजिमका आधारहरु स्वीकृत भएकोले गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले ५ दिन भित्र कार्यालय समयमा मूल्यांकनको लागि तोकिएका आधारहरुको पुष्ट्याई हुने कागजातहरु सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

**उत्कृष्ट सहकारी संस्था पुरस्कृत गर्ने आधारहरु : (प्रत्येक शिर्षकको १/१ अंक रहने) जम्मा ३० अंक**

१) गाउँपालिकामा चालू आ.ब.मा ऐनमा तोकिएको समयभित्र आबद्धता नविकरण भएको ।

२) आ.ब. ०७८/०७९ को करचुक्ता प्रमाणपत्र लिएको ।

३) ऐन बमोजिम तोकिएको समयमा लेखा परीक्षण गरी साधारण सभा सम्पन्न भएको ।

४) सहकारी संस्थाको विवरणहरु कोपोमिसमा प्रविष्ट भएको ।

५) सुचना अधिकारी तोकेको ।

६) ऋण वर्गीकरण गरी ऋण हानी कोष व्यवस्था गरेको ।

७) भाका नाघेको ऋण शुन्य भएको ।

८) पछिल्लो ३ आर्थिक बर्षमा खुद बचत (नाफा) धनात्मक रहेको ।

९) गत आ.ब.मा सञ्चालक समितिको बैठकको अवधि ४५ दिन ननाघेको ।

१०) गत आ.ब.मा लेखा सुपरिवेक्षण समितिको बैठक प्रत्येक चौमासिकमा बसेको ।

११) जम्मा बचतको १०-१५ प्रतिशत तरलता कायम राखेको ।

१२) निरन्तर जगेडा कोषको व्यवस्था गरेको ।

१३) अन्य कोषको रकम सोहि आर्थिक बर्षभित्र तोकिएको शिर्षकमा खर्च गरेको ।

१४) कार्यालयमा सूचना पाटी, बडापत्रको व्यवस्था गरेको ।

१५) वेवसाइट/सामाजिक सञ्जालमा संस्थाको नाममा पेज/एकाउन्ट तयार गरी नियमित अद्याबधिक गरेको ।

१६) ऋण परिचालन समितिको सिफारिसमा मात्र सदस्यलाई ऋण प्रवाह गरेको ।

१७) कायम पुँजिकोषको अधिकतम १० प्रतिशतमा नबढ्ने गरी प्रति सदस्य ऋण प्रवाह गरेको ।

१८) नकमाउने सम्पत्ति (घरजग्गा, उपकरण, कार्यालय सामान, नगद, पेश्की, चल्ती खाता लगायत) कूल सम्पत्तिको ५ प्रतिशत भन्दा कम भएको ।
१९) कृण परिचालन कार्यबिधि, बचत संकलन कार्यबिधि निर्माण गरी लागू गरेको ।
२०) शेयर लाभांस कुल शेयर पूँजिको १८ प्रतिशतमा नबढ्ने गरी वितरण गरेको ।
२१) बचत र कृणमा व्याज अन्तर ६ प्रतिशत वा सो भन्दा कम रहेको ।
२२) बिषयगत वा बहुउदेश्य संस्थाले आफ्नो मुख्य कारोबारको ३० प्रतिशतमा नबढ्ने गरी बचत तथा कृणको कारोबार गरेको ।
२३) प्रवाह भएको कृणको कम्तिमा ५१ प्रतिशत कृण उत्पादन र आयमूलक व्यवसायमा लगानी भएको ।
२४) वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रम गरेको ।
२५) सञ्चालक समितिमा महिला/दलित/अपाङ्ग / सिमान्तकृत समुदायका व्यक्तिहरुको सहभागिता ५० प्रतिशत भन्दा माथि रहेको ।
२६) कर्मचारीको भर्ना तथा सेवा सुविधा मानव संसाधन कार्यविधी अनुसार गरेको ।
२७) कर्मचारीलाई श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिक भुक्तानी गरको ।
२८) सम्पत्ती सुद्दिकरण निवारण कानून तथा निर्देशनको पालना गरेको ।
२९) सहकारी विभागबाट स्विकृत भएको सहकारी सम्बन्धी सफ्टवेयर प्रयोग गरेको ।
३०) पछिल्लो ३ वटा साधारणसभाको उपस्थिति ७५ प्रतिशत भन्दा माथि रहेको ।

**आवेदन पेश गर्ने सम्बन्धी नियमहरुः**

१) निवेदन पेश गर्ने सहकारी गाउँपालिकाको नियमन क्षेत्र भित्रको हुनुपर्नेछ ।
२) सहकारीको विवरण गाउँपालिकाको कोपोमिस एकाउन्टमा सहकारीको सूचिमा रहेको हुनुपर्नेछ ।
३) समस्याग्रस्त घोषणा भएको, संस्थाको कुनै विषयमा अदालतमा मुद्दा चलेको सहकारी संस्थाको आवेदन स्वतः अस्वीकृत हुनेछ ।
४) नगद पुरस्कारमा नियमानुसार करकट्टी हुनेछ ।
५) मिति २०७९/१२/१६ गते कार्यालय समयभित्र प्राप्त आवेदनहरु मात्र मूल्यांकन समितिमा पेश गरिनेछ ।
६) उत्कृष्ट छनौट हुने सहकारी संस्थाले पुरस्कार बापत नगद रु. १०,०००/- (दश हजार), प्रमाणपत्र प्राप्त गर्नेछ ।

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत